अर्जुनधारा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

शनिश्चरे झापा, कोशी प्रदेश, नेपाल ।

प.स.:- २०८३/०८४ (स्वास्थ्य)

च.नं.

मितिः २०८३/०७/१५

विषय: राष्ट्रिय भिटामिन ए, जुकाको औषधि र बालभिटा खुवाउने अभियान सम्बन्धी सूचना।

यस अर्जुनधारा नगरपालिका क्षेत्रभित्र वसोवास गर्नुहुने सम्पूर्ण आमा, बुबा, अभिभावक तथा सरोकारवालाहरूमा यसै सूचना मार्फत यो जानकारी गराइन्छ ।

नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रम अनुसार राष्ट्रिय भिटामिन 'ए' कार्यक्रमको यस वर्षको पहिलो चरणको अभियान यही मिती २०८३ साल कात्तिक १७ र १८ गते (तदनुसार सन् २०२६ नोभेम्वर ३ र ४ तारिख) का दिन अर्जुनधारा नगरपालिकाका सबै वडाका पुर्व निर्धारित केन्द्रहरूमा एकैसाथ सञ्चालन हुन गइरहेको छ।

यस अभियान अन्तर्गत ६ महिनादेखि ५९ महिना सम्मका बालबालिकाहरूलाई भिटामिन 'ए' क्याप्सुल, र १२ महिना देखि ५९ महिना सम्मका बालबालिकाहरूलाई जुकाको औषधि (अल्बेन्डाजोल टयाब्लेट) खुवाइनेछ। साथै, ६ महिनादेखि २३ महिनासम्मका बालबालिकाहरूलाई कुपोषण न्यूनीकरणका लागि बालभिटा (बहुसूक्ष्म पोषक तत्व) समेत वितरण गरिने हुँदा आफ्ना बालबालिकाहरूलाई तोकिएको केन्द्रमा लगि "भिटामिन ए जुकाको औषधि र बालभिटा सेवन गराउनुहुन साथै वृद्धि अनुगमन गर्न गराउनुहुन जानकारी साथ अनुरोध छ ।

पुनश्चः पहिलो दिनको अभियान (१७ गते) तोकिएको केन्द्रहरुबाट साथै दोस्रो दिनको अभियान घरदैलो रुपमा सञ्चालन हुनेछ ।

.....

राजेन्द्र कुईकेल

ब. जन-स्वास्थ्य अधिकृत

(स्वास्थ्य शाखा प्रमुख)

"बालबालिकाको स्वास्थ्यको रक्षा गरौं, बालबालिकालाई भिटामिन 'ए' र जुकाको औषधि अनिवार्य खुवाऔं।

फोन नं. ०२३-५९७००२/०२३-४६५५०२ ईमेल: health.arjundharamun@gmail.com

वेभसाईटः- www.arjundhara.gov.np